## लायन राजन श्रेष्ठ , धरातल , पि. एम.जे.एफ.

नेपाली लायनवादको क्षेत्रमा उर्जाशिल नक्षत्र बनेर चम्किरहनुभएका सक्षम युवा लायन लिडर हुनुहुन्छ, लायन राजन श्रेष्ठ धराताल । लायनवादको यात्रा र यसको प्रभावकारी विस्तार र असरदार कार्यमा निरन्तर सक्रीय श्रेष्ठले आफ्नो उर्जावान समय यस क्षेत्रमा दिइनै रहनुभएको छ । अविराम, अविरल उहाँको पाइला निरन्तर सेवाभावमा लम्किनै रहेका छन। लायन श्रेष्ठ लायन्सका पुराना देखि नयाँ सदस्यहरुसँग सुमधुर सम्वन्धका साथ घुलमिल हुने समाधान मुखी नेतृत्वको पर्याय हुनुहुन्छ ।

आदरणीय लायन साथीहरु,कसैले भनेका छनः ॅसाँचो नेतृत्व पदमा पुग्नु मात्र होइन, बरु अरुको जीवनमा ऊर्जा भर्नु हो ।ॅ आज हामी सँग एक यस्तै व्यक्तित्व हुनुहुन्छ, जसमा युवा उर्जा मात्र छैन, बरु सेवाको अदम्य भावना र त्यसलाई प्रमाणित गर्ने एउटा सफल इतिहास पनि छ । उहाँ हुनुहुन्छ लायन राजन धरातल श्रेष्ठ ।

### "सामुदायिक सेवाका नेतृत्वकर्ता

बुढानिलकण्ठ काठमाडौ स्थायी निवासी लायन श्रेष्ठले प्रारम्भदेखि नै अनुशासन, नेतृत्व क्षमता र उत्कृष्टताको उदाहरण प्रस्तुत गर्दै आउनुभएको छ । व्यवसायिक रुपमा एक सफल शैक्षिक उद्यमी, मनास्लु वर्ल्ड कलेज र मनास्लु वर्ल्ड स्कुलका प्रवन्ध निर्देशक तथा क्याम्पस प्रमुखका रुपमा वहाले छोटो समयमा आवद्ध सँस्थाहरुलाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा स्थापित गराउन सफल भएर नेतृत्व क्षमता, व्यवस्थापन दक्षता तथा शिक्षा क्षेत्रमा समर्पण उल्लेखनीय र उदाहरणीय रहेको सर्वविदितै छ । जुन लायनिज्मको क्षेत्रमा पनि थप निखारताका साथ वरदान सावित हुनेछ । सामाजिक कल्याणको लागि प्रतिबद्ध र समाजमा विद्यमान समस्याहरूलाई सम्बोधन गर्ने उद्देश्यका साथ विभिन्न स्थानीय परियोजनाहरूमा उहाँ संलग्न हुनुहुन्छ । उहाले प्राप्त गर्नुभएको सफलतामा यसको प्रतिबिम्ब देख्न सकिन्छ । लायनिज्मको यात्रामा उहाँको योगदान अन्यन्त प्रेरणादायी रहेको छ । लायन्स क्लव आफ काठमाडौ लिडरशिप फर चेन्जका चार्टड प्रेसिडेन्टको रुपमा उहाँले नेतृत्व, नवप्रवर्तन र सेवामुलक कार्यमार्फत विशिष्ट पहिचान स्थापित गर्नुभएकोछ । विभिन्न जिम्मेवारीहरु District Chairperson, Zone Chairperson, GLT/GMT Coordinator, Chief Area Coordinator तथा Special Advisor सम्हाली संगठनलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने निरन्तर र उदाहरणिय नेता हुनुहुन्छ लायन राजन धरातल श्रेष्ठ।

### विश्वव्यापी मानवीय वकालतकर्ता

उहाँको सत्कर्म अविरल छ । विश्वव्यापी मानवीय सेवाहरूमा उहाँको संलग्नताले इट्टा थप्ने काम गरेको छ । टीयू लायन्स रक्तसञ्चार बैंकको संस्थापक सदस्यको रूपमा सँधै सेवाभावमा समर्पित हुनुहुन्छ । यस्तै विभिन्न स्थानमा भएको ISSAME Forum तथा अन्य अन्तर्राष्ट्रिय सम्मेलनहरू र मानवीय सेवाहरूमा उहाँको सहभागिताले विश्वव्यापी रूपमा सकारात्मक प्रभाव पारेको छ ।

### पुरस्कार र मान्यता

आफ्ना व्यवसायिक तथा समाजसेवामा पुर्याउनु भएको उत्कृष्ट योगदानको सम्मान स्वरुप राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न सम्मानहरु प्राप्त गर्नुभएको छ । “Asia’s Young Edupreneur Award (2020–21)” तथा “Young & Dynamic Principal Award” जस्ता प्रतिष्ठित पुरस्कारहरु उहाँको नेतृत्वका साथै व्यवसायिक परिपक्वताको द्योतक मानिन्छ । लायनवाद र मानवताको क्षेत्रमा पुर्याउनुभएको अद्धितिय योगदान तथा सफलताको आधारमा उहाँको कदर स्वरुप लायन्स अन्तराष्ट्रियवाट GAT Medal, Multiple Council

Chairperson medal, DG Appreciation Medal ( Every year), Internatinal president Certification (every year) Presidential Medal, Best President Award तथा  New Emerging Leader in Lionism जस्ता  उहाँले प्राप्तगरेका सम्मानका साथै, Progressive Melvin Jones Fellow (PMJF) लगायतका यी प्रशंसाहरुले उहाँको उत्कृष्टताप्रतिको अटुट समर्पणलाई थप उजागर गर्दछ ।

लायन्स अन्तराष्ट्रिय वाट प्रदान गरिने सवै तहका तालिमहरु DLLI, RLLI, ALLI, FDI सम्मका तालिम का साथै लायन्स युनिभर्सिटी USA CANADA Forum बाट Bacherlor, Masters हुदै PhD सम्म अध्ययन पुरा गर्नु भएका उहाँ  Certified Guiding Lions र Trainer of Trainers (TOT) जस्तो प्राज्ञिक, लायनवाद र प्रशिक्षण सम्मको विज्ञताले नेपाली लायनवादलाई राष्ट्रिय घेरावाट बढाएर अन्तराष्ट्रिय वकालतसम्मको क्षमता अभिवृद्धिमा थप योगदान पुग्ने देखिन्छ ।

Lions Clubs International को को मूल मन्त्र "We Serve" लाई आत्मसात गर्दे तथा 'Where there is need, there is Lion,' भन्ने सिद्धान्तलाई व्यवहारमा उतार्दै लायन श्रेष्ठ सेवामुलक नेतृत्वमा निरन्तर समर्पित रहनुभएको छ । पिता स्वर्गिय रामजी श्रेष्ठ र माता चन्द्रमाया श्रेष्ठका पहिलो सन्तान तथा  दुई सन्तान जेनेसिस श्रेष्ठ र डयानियल श्रेष्ठ का पिता एवं डिम्पल श्रेष्ठका better half स्पष्ट दृष्टिकोण, ठोस एजेण्डा, युवा सहभागिता, अनुभवको सम्मान , प्रविधिमैत्री प्रणाली तथा पारदर्शी नेतृत्व प्रति दृड प्रतिवद्ध र लायन एकतामा अडिग लायन राजन धराताल श्रेष्ठलाई लायन वर्ष २०२६/२७ को लागि द्धितिय भाइस डिष्ट्रिक्ट गर्भनर पदको उम्मेदवारको रुपमा प्रस्तुत गर्न चाहन्छु र यस्तो महत्वपूर्ण कामको लागि मलाई जिम्मेवारी दिइएकोमा सवै प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद , जय लायनवाद